# डुडुवा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# बनकट्टी, बाँके

Website: - duduwamun.gov.np
Email: - duduwagaupalika@gmail.com


पत्र संख्याः ०७८/०७९
चलानी नं.:

मितिः २०७८/१२/१६

**विषयः** गलत समाचारको खण्डन गरिएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा www.hamrosamrachana.com अनलाईन पत्रिकामा मिति २०७८/१२/१५ गते प्रकाशित नदीजन्य पदार्थको ठेक्का र स्टक प्रमाणित सम्बन्धि तथ्यहिन समाचार प्रति कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ।

उक्त समाचारमा डुडुवाको आ.ब. ०७८/०७९ को नदीजन्य पदार्थको ठेक्का नियमानुसार हिम सगरमाथा कन्स्ट्रक्सन प्रा.लि. लाई नै उपलब्ध गराएको व्यहोरा जानकारी गराउनुका साथै उक्त ठेक्काको न्यूनतम कबोल अंक रु २,०२,४१,९००(भ्याट बाहेक) राखी पटक पटक गरी ३ पटक सम्म राष्ट्रिय बोलपत्र र इविडिङ्ग मार्फत सूचना प्रकाशित गरिएकोमा तीनै पटक सम्म कसैले पनि बोलपत्र पेश नगरेकोमा गाउँकार्यपालिकाको निर्णयानुसार चौथो पटक राष्ट्रिय बोलपत्रमा इविडिङ्ग मार्फत पुन ३० दिने सूचना प्रकाशन गरी न्यूनतम कबोल अंक रु २,०२,४१,९०० (भ्याट बाहेक) कायम भएको सूचनामा म्यादभित्र श्री हिम सगरमाथा प्रा.लि.को भ्याट बाहेकको कबोल अंक रु २,१७,७७,७७७ र नेपाल विल्डर्सको भ्याट बाहेकको कबोल अंक रु २,०२,५०,७८६ को बोलपत्र भएकोमा नियमानुसार सबै भन्दा बढी अंक रु २,१७,७७,७७७ कबोल गर्ने श्री हिम सागर कन्स्ट्रक्सन प्रा.लि.को बोलपत्र सारभुतरुपमा प्रभावकारी देखिएकोले उक्त बोलपत्र स्वीकृत गरिएको र उक्त सम्झौतामा प्रति घनफिट मुल्य रु १२ नै रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

साथै डुडुवा गाउँपालिका भित्र नदीजन्य पदार्थको स्टक प्रमाणित गर्ने कानूनी अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई भएको र यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतद्वारा चालु वर्षमा कुनै पनि निर्माण व्यवसायी र क्रसर उद्योगीका स्टक प्रमाणीत कार्यालय प्रमुखद्वारा नगरिएको र कानून विपरित स्टक प्रमाणित नगरी घाट गद्दी गरेको नदीजन्य पदार्थ भएमा जिल्ला अनुगमन समितिलाई जफत गर्ने कार्यमा सहयोग गर्न गाउँपालिका सदैव तयार रहेको व्यहोरा समेत अनुरोध छ।

.........................
परशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

परशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत